# नीलकण्ठ राजपत्र

**नीलकण्ठ नगरपालिकाद्वारा प्रकाशित**

**वर्षः७ धादिङवेसी, धादिङ (संख्याः ५ मितिः २०८०।११।०८**


## भाग - १

## नीलकण्ठ नगरपालिकाको शिक्षा ऐन(पहिलो संशोधन), २०७४

**नगर सभाबाट स्विकृत मितिः २०८०।१०।२८**

नीलकण्ठ नगरपालिकाको शिक्षा ऐन, २०७४ दफा १०७ ले दिएको अधिकार प्रयोग गरी नीलकण्ठ नगरपालिकाको नगर सभाले यो ऐन बनाई लागू गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**(१) **नीलकण्ठ नगरपालिकाको शिक्षा (पहिलो संशोधन) ऐन,** २०७४ रहेको छ ।

(२) यो ऐन नगरसभाले स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशित गरे पश्चात लागु हुनेछ ।

२. **नीलकण्ठ नगरपालिकाको शिक्षा ऐन, २०७४ को मूल ऐनको दफा १६ को उपदफा ३ पछी देहाय बमोजिम हुने गरी उपदफा ४ थप गरिएको छः**

(४) दफा १६ को उपदफा (१) (घ) अनुरुप विद्यालय समायोजन भई एकीकृत विद्यालयको रुपमा सञ्चालन हुने विद्यालयको तदर्थ समिति, शैक्षिक तथा सम्पत्ति व्यवस्थापन लगायतका कार्यको कार्यविधि कार्यपालिकाले स्विकृत गर्नेछ।

३. **नीलकण्ठ नगरपालिकाको शिक्षा ऐन, २०७४ को मूल ऐनको दफा २० को उपदफा १ को वुदाँ 'ट' पछी देहाय बमोजिम हुने गरी बुदाँ 'ठ' र 'ड' थप गरिएको छः**

(ठ) नगरको शैक्षिक गुणस्तर अभिवृद्धि र विद्यालय एवम् शिक्षक स्रोत संयोजनका लागि श्रोत व्यक्ति छनौट तथा नियुक्ति सम्बन्धी कार्यविधि जारी गरी श्रोत व्यक्ति नियुक्ति गर्ने।

(ङ) शिक्षक दरवन्दी तथा विद्यार्थी संख्याको अनुपातमा शिक्षक संख्या कम र बढी भएको अध्ययन गरी आवश्यक शिक्षक पूर्तिकालागि नगर स्तरीय शिक्षक अनुदान कार्यविधि जारी गरी शिक्षक तथा बजेट व्यवस्था गर्ने।

४. **नीलकण्ठ नगरपालिकाको शिक्षा ऐन, २०७४ को मूल ऐनको दफा २५ पछी देहाय बमोजिम हुने गरी दफा २५क र २५ख थप गरिएको छः**

**२५क वडा शिक्षा समितिको गठनः** (१) वडा भित्र सञ्चालन भएका विद्यालयको रेखदेख र समन्वय गर्ने कामको लागि प्रत्येक वडामा देहायबमोजिमको एक वडा शिक्षा समिति रहनेछ।

(क) सम्बन्धित वडाको वडा अध्यक्ष -संयोजक

(ख) वडा समितिका सदस्यहरु -सदस्य

(ग) सम्बन्धित वडाभित्र सञ्चालित सवै विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु -सदस्य

(घ) सम्बन्धित वडाभित्र सञ्चालित विद्यालयहरुका प्रधानाध्यापक सवै -सदस्य

(ङ) सम्बन्धित वडाका स्थानीय वुद्धिजिवी/समाजसेवी/शिक्षाप्रेमी मध्येबाट वडा समितिद्वारा मनोनित एक जना -सदस्य

(च) सम्बन्धित वडा कार्यालयको वडा सचिव -सदस्य सचिव

(२) उपदफा (१) बमोजिम मनोनित सदस्यको पदावधि ३ वर्षको हुनेछ। मनोनित सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा मनोनयन गर्ने पदाधिकारी/समितिले निजलाई जुनसुकै बखत हटाउन सक्नेछ।

तर त्यसरी हटाउनु पूर्व निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन।

(३) उपदफा (१) बमोजिम गठन भएको वडा शिक्षा समितिको बैठक कम्तिमा तीन महिनामा १ पटक वस्नेछ।

(४) उपदफा (३) बमोजिम वस्ने वैठकमा नगरपालिकाका पदाधिकारी तथा नगर कार्यपालिका कार्यालयको सम्बन्धित विषय हेर्ने कर्मचारीलाई आमन्त्रीत गर्न सकिनेछ।

(५) समिति वैठक तथा शिक्षा समितिबाट भएका गतिविधिहरुको जानकारी नियमितरुपमा नगर कार्यपालिकाको कार्यालयलाई गराउनुपर्नेछ।

(६) उपदफा (१) बमोजिम गठन भएको समितिले आफ्नो जिम्मेवारी पुरा गर्न नसकेको आधारमा नगर शिक्षा समितिको सिफारिसमा कार्यपालिकाले त्यस्तो समिति विघटन गर्न सक्नेछ।

तर त्यसरी विघटन पूर्व उक्त समितिलाई आफ्नो सफाई पेश गर्ने मनासीव मौका दिनुपर्नेछ। वडा शिक्षा समिति विघटन भएपछी अर्को समिति गठन नहुदासम्म सो समितिको कार्य नगर शिक्षा समितिले गर्नेछ।

**२५ख वडा शिक्षा समितिको काम, कर्तव्य र अधिकारः** वडा शिक्षा समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) वडा भित्रका सम्पूर्ण विद्यालयको रेखदेख गर्ने गर्न लगाउने

(ख) वडा भित्रका विद्यालयको क्रियाकलाप तथा शिक्षक कर्मचारीको नियमितता सम्बन्धी निरिक्षण/अनुगमन गर्ने गर्न लगाउने।

(ग) विद्यालय विकासका लागि नगर शिक्षा समिति मातहत रही विभिन्न निकायसंग समन्वय गर्ने

(घ) शैक्षिक गुणस्तर अभिवृद्धि हुने क्रियाकलापको व्यवस्था, समन्वय तथा सञ्चालन गर्ने

(ङ) वडा भित्र सञ्चालित विद्यालयहरुलाई बालमैत्री बनाउन विविध कार्यक्रमहरु गर्ने

(च) विद्यार्थीहरुको नतिजा वृद्धि तथा सक्षमता विकासका कार्यहरु गर्ने

(छ) वडालाई निःशुल्क तथा अनिवार्य आधारभुत शिक्षा सुनिश्चितताकालागि मुख्य भुमिका खेल्ने

(ज) वडास्तरमा वालवालिकाहरु विद्यालय बाहिर रहेको अवस्था नहुने गरी क्रियाकलाप सञ्चालन गर्ने

(झ) वडाभित्र सञ्चालित विद्यालय तथा विद्यार्थी शिक्षा संग सम्बन्धित सम्पूर्ण पक्षको सर्वेक्षणमा भूमिका खेल्ने

(ञ) अभिभावकहरुसंग नियमिति छलफल तथा अन्तक्रिया गरी विद्यालय तथा शिक्षा सुधारका गतिविधि सञ्चालन गर्ने

(ट) विद्यालयको सम्पत्ति संरक्षण, शैक्षिक विकास तथा सम्वद्र विषयमा विद्यालय व्यवस्थापन समिति, शिक्षक कर्मचारीलाई आवश्यक मार्गदर्शन गर्ने, निर्देशन दिने।

(ठ) नगर नगर कार्यपालिका तथा नगर शिक्षा समितिले तोकेका अन्य कार्य गर्ने।

५. **नीलकण्ठ नगरपालिकाको शिक्षा ऐन, २०७४ को मूल ऐनको दफा २६ को उपदफा १ को वुदाँ 'क' र 'ख' मा रहेको व्यहोरा झिकि देहाय बमोजिम हुने गरी बुदाँ 'क' र 'ख' राखिएको छः**

(क) विद्यालयका अभिभावकहरुको भेलाले स्वयम मध्येबाट चुनेका पाँच सयसम्म विद्यार्थी संख्या भएका विद्यालयमा कम्तिमा १ महिला सहित ३ जना, पाँच सय भन्दा माथि एक हजार विद्यार्थी संख्या भएका विद्यालयमा कम्तिमा २ महिलासहित ४ जना र एक हजार भन्दा बढी विद्यार्थी संख्या भएको विद्यालयमा कम्तिमा ३ महिला सहित ६ जना सदस्य

(ख) विद्यालयका संस्थापक तथा विद्यालयलाई दश लाख रुपैयाँ वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गरेका चन्दादाता वा सो विद्यालय भएको वडाको शिक्षाप्रेमी, वुद्धिजिवी, समाजसेवी वा सोही विद्यालयको अभिभावक मध्येबाट पाँच सयसम्म विद्यार्थी संख्या भएका विद्यालयमा कम्तिमा १ महिला सहित ३ जना, पाँच सय भन्दा माथि एक हजार विद्यार्थी संख्या भएका विद्यालयमा कम्तिमा २ महिलासहित ४ जना र एक हजार भन्दा बढी विद्यार्थी संख्या भएको विद्यालयमा कम्तिमा २ महिला सहित ५ जना सदस्य नगर कार्यपालिकाबाट मनोनित हुने।

६. **नीलकण्ठ नगरपालिकाको शिक्षा ऐन, २०७४ को मूल ऐनको दफा २७ को उपदफा ३ पछी देहाय बमोजिम हुने गरी उपदफा ४ थप गरिएको छः**

(४) समायोजन तथा एकिकृत विद्यालय सञ्चालनको हकमा अध्यक्ष वा सदस्य सहित तदर्थ विद्यालय व्यवस्थापन समितिको गठन सम्बन्धी व्यवस्था कार्यपालिकाले जारी गर्ने कार्यविधि अनुसार हुनेछ।

७. **नीलकण्ठ नगरपालिकाको शिक्षा ऐन, २०७४ को मूल ऐनको दफा ३० को ङ पछी देहाय बमोजिम हुने गरी च थप गरिएको छः**

(च) दफा १६ (१) (घ) अनुरुप दुई वा सोभन्दा बढी विद्यालयहरु एक आपसमा समायोजन भएमा मौजुदा विद्यालय व्यवस्थापन समिति स्वतः विघटन हुनेछ।

८. **नीलकण्ठ नगरपालिकाको शिक्षा ऐन, २०७४ को मूल ऐनको दफा ३२ को उपदफा ६ पछी पछी देहाय बमोजिम हुने गरी उपदफा ७ थप गरिएको छः**

(७) दफा २७ (४) बमोजिम कार्यपालिकाबाट गठित तदर्थ विद्यालय व्यवस्थापन समितिले आफ्नो कार्यकाल सम्मको लागि अभिभावक, शिक्षक र सरोकारवालाहरुसंग आवश्यक परामर्श र भेला गरी नयाँ शिक्षक अभिभावक संघ गठन गर्नेछ।

९. **नीलकण्ठ नगरपालिकाको शिक्षा ऐन, २०७४ को मूल ऐनको दफा ५० को उपदफा २ मा रहेको तथा पछीको वाक्यांश "विद्यालय व्यवस्थापन समितिले सिफारिस गरेको व्यक्तिलाई योग्य ठहऱ्याएमा नगर शिक्षा समितिको निर्णय बमोजिम" भन्ने वाक्यांशको सट्टामा "**नगर शिक्षा समितिले ऐन बमोजिम एवं अन्य योग्यता खोली मापदण्ड बनाई खुल्ला प्रतिस्पर्धाबाट छनौट गरी सिफारिस गरेको शिक्षकलाई**" भन्ने वाक्यांश राखिएको छ।**

**आज्ञाले,**

**पुरुषोत्तम सुवेदी,**

**प्रमुख प्रशासकीय अधिकृत**